बैठक संख्याः ५०

आज मिति २०८२/०३/३१ गते मंगलबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको ५० औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री कुमार प्रसाद कोइराला | सदस्य सचिव | |
| | कार्यपालिका सदस्यहरू | | |
| ४ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उद्धव कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सुमन्त कोइराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री नविन कुमार वान्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १९ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| २० | श्री विमल राई | कार्यपालिका सदस्य | |
| २१ | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २२ | श्री बलदेव विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २४ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २५ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २६ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २७ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |

आमन्त्रित

| क.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | जनक प्रसाद ढुंगाना | अधिकृतस्तर सातौं | |
| २. | राजु पराजुली | सहायकस्तर चौथो | |

Scanned with CamScanner

कार्यपालिकाको ५० औं बैठकका एजेण्डाहरू

त्रियुगा नगर कार्यपालिकाको ५० औं बैठकको कार्यसूची तथा एजेण्डाहरू

१. सेवा करारका कर्मचारीको म्याद सम्वन्धमा।

२. आ.व. २०८१/०८२ को वाँकी भुक्तानी सम्वन्धमा।

३. स्थायी कर्मचारीको तह वृद्धि सम्वन्धमा।

४. स्थायी कर्मचारी अवकाश हुँदा अस्थायी सेवा अवधि गणना सम्वन्धमा।

५. श्रेणीविहिन कर्मचारीहरूको स्तरवृद्धि सम्वन्धमा।

६. त्रियुगा नगरपालिकाको लैङ्गिक हिंसा विरूद्धको रणनैतिक कार्ययोजनाको कार्यान्वयन योजना सम्वन्धमा।

७. लैङ्गिक परीक्षण प्रतिवेदन सम्वन्धमा।

८. त्रियुगा नगरपालिकाको वालमैत्रि आचारसंहिता स्वीकृति सम्वन्धमा।

९. सडक बोर्डमार्फत कार्यान्वयनका लागि योजना प्रस्ताव सम्वन्धमा।

१०. विपयगत शाखाका कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना सम्वन्धमा।

११. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग वजेट व्यवस्थापन गर्न अनुरोध सम्वन्धमा।

विविध प्रस्तावहरू

विविध १

सहकारी लगायतका वित्तीय संस्थाहरूको ठगी धन्दामा संलग्न राष्ट्रसेवकहरूको सेवा सुविधा रोक्का सम्वन्धमा।

विविध २

नगरपालिकावाट सञ्चालित सीपमूलक तालिममा उत्पादन भएका सामाग्रीहरू सम्वन्धमा।

विविध ३

ज्यालादारीमा कर्मचारी खटाउने सम्वन्धमा।

कार्यपालिकाको मिति २०८२/०२/२९ गतेको बैठकको निर्णय प्रमाणित

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२/०३/३१ गतेको बैठकको निर्णय प्रमाणित।

निर्णय नं. ८०८

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरूमा सेवा करार र अस्थायी पदमा कार्यरत कर्मचारीहरूको आ.व. २०८१/०८२ को कार्यसम्पादन मूल्याङ्कन गरी आ.व. २०८२/०८३ को पौष मसान्तसम्मको लागि सेवा करार सम्झौता गर्ने।

निर्णय नं. ८०९

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको आ.व. २०८१/०८२ मा भुक्तानी दिन बाँकी देहायका कार्यक्रम तथा योजनाहरूका आ.व. २०८२/०८३ मा नियमानुसार भुक्तानी गर्ने गरी जिम्मेवारी सार्ने:

देहाय

| क.सं. | दायित्व सृजना भएको मिति | संकेत नं. | खर्च उपशिर्षक | कार्यक्रमको नाम | कारोवारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | 3 | ४ | 5 | ६ | 7 | ८ | 9 |
| १. | २०८२।४।०१ | | 31151 | पोखरी खोला स्लाब कल्भर्ट निर्माण | कल्भर्ट निर्माण | एस बि निर्माण सेवा | 700000.00 | बजेट अपुग |
| २. | २०८२।०४।०१ | | 31111 | सुरक्षित नागरिक आवास परियोजना | आवास निर्माण | श्रीपुर सुरक्षित आवास परियोजना उ.स | 2900000.00 | बजेट अपुग |
| ३. | २०८२।०४।०१ | | 31134 | EBPS घर नक्सा सफ्टवेयर खर्च | सफ्टवेयर खरिद | आर्क लोजि प्रा.लि | 300000.00 | बजेट अपुग |
| ४. | २०८२।०४।०१ | | 31151 | परमेश्वरको घर देखि धुर्वको घर जाने सडक ढलान | सडक ढलान | अनिता निर्माण सेवा | 400000.00 | बजेट अपुग |
| ५. | २०८२।०४।०१ | | 31159 | शाहिखोला खानेपानी पम्प खरिद | पम्प खरिद | | 50000.00 | बजेट अपुग |
| ६. | २०८२।०४।०१ | | 31159 | देवराज कटुवालको घर हुँदै रेवती रमण गेलालको घर कालोपत्रे | सडक निर्माण | | 400000.00 | बजेट अपुग |
| ७. | २०८२।०४।०१ | | 31159 | लालीगुरास टोल विकास र कमलेधर राजभण्डारीको घर जाने बाटो ग्राभेल | सडक ग्राभेल | | 150000.00 | बजेट अपुग |
| ८. | २०८२।०४।०१ | | 31159 | खसि बजारमा ओपन जिम निर्माण | निर्माण कार्य | | 400000.00 | बजेट अपुग |
| ९. | २०८२।०४।०१ | | 31159 | DGPS राखे कार्य | खरिद कार्य | | 500000.00 | बजेट अपुग |

कार्यपालिकाको मिति २०८२/०२/२९ बसेको बैठकको निर्णय प्रमाणित

| क्र.सं. | दायित्व सृजना भएको मिति | संकेत नं. | खर्च उपशिर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|---|
| १०. | २०८२।०४।०१ | | 31159 | हरि अधिकारीको घर नजिक स्लाब कल्भर्ट निर्माण | कल्भर्ट निर्माण | | 500000.00 | बजेट अपुग |
| ११. | २०८२।०४।०१ | | 31159 | सिँचाइको लागि डिप बोरिङ निर्माण | डिप बोरिङ निर्माण | | 400000.00 | बजेट अपुग |
| १२. | २०८२।०४।०१ | | 22411 | आवधिक योजना निर्माण | योजना निर्माण | | 2000000.00 | बजेट अपुग |
| १३. | २०८२।०४।०१ | | 22315 | सुचना प्रकाशन | सुचना प्रकाशन | उदयपुर आवाज | 10000.00 | बजेट अपुग |
| १४. | २०८२।०४।०१ | | 22315 | सुचना प्रकाशन | सुचना प्रकाशन | गोरखा सञ्चार मिडिया | 10000.00 | बजेट अपुग |
| १५. | २०८२।०४।०१ | | 22311 | लोगो निर्माण | लोगो निर्माण | खौडादेवी सोलुसन प्रा.लि | 40000.00 | बजेट अपुग |
| १६. | २०८२।०४।०१ | | 22315 | सुचना प्रकाशन | सुचना प्रकाशन | प्रभाव न्यूज डटकम | 10000.00 | बजेट अपुग |
| १७. | २०८२।०४।०१ | | 22315 | सुचना प्रकाशन | सुचना प्रकाशन | अर्थ डटकम | 10000.00 | बजेट अपुग |
| १८. | २०८२।०४।०१ | | 22315 | सुचना प्रकाशन | सुचना प्रकाशन | शुभारम्भ मासिक | 10000.00 | बजेट अपुग |
| १९. | २०८२।०४।०१ | | 22315 | सुचना प्रकाशन | सुचना प्रकाशन | उदयपुर काठमाडौं सम्पर्क मञ्च | 10000.00 | बजेट अपुग |
| २०. | २०८२।०४।०१ | | 22315 | सुचना प्रकाशन | सुचना प्रकाशन | उदयपुर सौगात | 5000.00 | बजेट अपुग |
| २१. | २०८२।०४।०१ | | 22315 | सुचना प्रकाशन | सुचना प्रकाशन | पिए मिडिया | 10000.00 | बजेट अपुग |
| २२. | २०८२।०४।०१ | | 22315 | सुचना प्रकाशन | सुचना प्रकाशन | विभिन्न पत्रपत्रिका | 100000.00 | बजेट अपुग |
| २३. | २०८२।०४।०१ | | 22522 | एकिकृत ग्रामिण विकास कार्यक्रम | कार्यक्रम खर्च | हुरेण्डेक | 300000.00 | बजेट अपुग |
| २४. | २०८२।०४।०१ | | 22522 | सार्वजनिक सुनुवाइ | सार्वजनिक सुनुवाई | | 100000.00 | बजेट अपुग |

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२/०३/३१ गतेको ८१० को निर्णय प्रमाणित

| क्र.सं. | दायित्व सृजना भएको मिति | संकेत नं. | खर्च उपशिर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|---|
| २५. | २०८२।०४।०१ | | 22522 | कार्यक्रम खर्च | आँखा शिविर | सगरमाथा आँखा अस्पताल लहान | 400000.00 | बजेट अपुग |
| २६. | २०८२।०४।०१ | | 27611 | पदाधिकारी भ्रमण खर्च | भ्रमण खर्च | नविन कुमार चौधरी / किरण पाण्डे | 20000.00 | बजेट अपुग |
| २७. | २०८२।०४।०१ | | 22711 | विविध खर्च चिया खाजा खाना पानि वापत | विविध खर्च | स्विट एण्ड घाट हाउस | 5000.00 | बजेट अपुग |
| २८. | २०८२।०४।०१ | | 22711 | विविध खर्च चिया खाजा खाना पानि वापत | विविध खर्च | होटल हिमालय | 16385.00 | बजेट अपुग |
| २९. | २०८२।०४।०१ | | 22711 | विविध खर्च चिया खाजा खाना पानि वापत | विविध खर्च | पुर्णिमा चमेना गृह | 3510.00 | बजेट अपुग |
| ३०. | २०८२।०४।०१ | | 22711 | संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन लेखन, बैठक र खाजा खर्च | विविध खर्च | विभिन्न कर्मचारी तथा पार्टि भुक्तानी | 150000.00 | बजेट अपुग |
| ३१. | २०८२।०४।०१ | | 27219 | दिर्घरोगिको औषधि उपचार खर्च | उपचार खर्च | विभिन्न व्यक्तिहरु | 3700000.00 | बजेट अपुग |
| ३२. | २०८२।०४।०१ | | 22711 | विविध खर्च | विविध खर्च | होटल तपस | 72000 | बजेट अपुग |
| ३३. | २०८२।०४।०१ | | 22711 | विविध खर्च | विविध खर्च | अ.लक्ष्मी | 20000 | बजेट अपुग |
| ३४. | २०८२।०४।०१ | | 22711 | विविध खर्च | विविध खर्च | लाल बहादुर बस्नेत | 3500 | बजेट अपुग |
| ३५. | २०८२।०४।०१ | | 21134 | बैठक भत्ता | बैठक भत्ता | विभिन्न कर्मचारी | 50000 | बजेट अपुग |
| | | | | जम्मा | | | 13755395.00 | |

<u>निर्णय नं. ८१०</u>

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०३/२३ गतेको बैठकको निर्णयानुसार गठीत स्थायी कर्मचारीहरूको तह वृद्धि सिफारिस समितिले सिफारिस गरे अनुसार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम तथा लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगवाट सिफारिस भई त्रियुगा नगरपालिकामा नियुक्ति/सिफारिस/समायोजन/ भएका यस नगरपालिका र अन्तर्गत कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि तथा तह मिलानको लागि कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ४ को उपदफा (५), दफा ८ को उपदफा (१३), (१६) र (१७) तथा

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२/०३/२१ गतेको बैठकको निर्णय प्रमाणित।

दफा २७ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम पेश भएका निवेदन तथा कागजातका आधारमा योग्यता पुगेका तपसिलका कर्मचारीहरुको एक तह वृद्धि गर्ने:

| क्र.स. | कर्मचारीको नाम | क.स. नं. | हालको पद/तहमा नियुक्ति/बढुवा/समायोजन मिति | हालको पद/तह | सेवा/समूह | तह वृद्धि हुने पद र तह |
|---|---|---|---|---|---|---|
| १. | राज कुमारी तामाङ्ग | २३९०५६ | २०७६/११/०७ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग/सिभिल | अधिकृतस्तर छैटौं |
| २. | सिर्जना शर्मा | २४०५६७ | २०७६/११/०९ | प्राविधिक सहायक | शिक्षा सेवा/शिक्षा प्रशासन | अधिकृतस्तर छैटौं |
| ३. | संजिव कुमार चौधरी | २४२६८९ | २०७६/११/१२ | कम्प्युटर अपरेटर | विविध | अधिकृतस्तर छैटौं |
| ४. | सन्तोष काफ्ले | २०२७०७ | २०७५/११/०६ | सहायकस्तर पाँचौं | प्रशासन/सामान्य प्रशासन | अधिकृतस्तर छैटौं |
| ५. | राजेश कुमार चौधरी | २११३७७ | २०७६/११/२० | सि.अ.हे.व., पाँचौं | स्वास्थ्य/हे.ई. | अधिकृतस्तर छैटौं |
| ६. | विनिता बस्नेत | २३८६५२ | २०७६/१०/२९ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग/सिभिल | अधिकृतस्तर छैटौं |
| ७. | रूबिला कुमारी चौधरी | २१०६३० | २०७६/१०/०६ | सि.अ.हे.व., पाँचौं | स्वास्थ्य/हे.ई. | अधिकृतस्तर छैटौं |

निर्णय नं. ८११

त्रियुगा नगरपालिकाको तेह्रौं नगर परिषदबाट स्वीकृत त्रियुगा नगरपालिकाको विनियम २०६४ को विनियम ५८ नोकरी अवधिको गणना सम्वन्धी व्यवस्थाको उपविनियम (१) मा कर्मचारीको उपदान तथा अवकास सम्वन्धी प्रयोजनका लागि नोकरी अवधिको गणना गर्ने सम्वन्धमा खण्ड (ख) मा "नगरपालिकाको स्थायी पदमा अस्थायी नियूक्ति पाई नोकरी अविछिन्न राखि पछि सोही पदमा स्थायी नियूक्ति पाएमा सो अस्थायी नियूक्ति मिति देखी नोकरी अवधि गणना हुनेछ" भन्ने व्यवस्था रहेको र सोही बमोजिम सेवा अवधि गणना गरी विगतमा उपदान उपलव्ध गराइदै आएकोमा हाल कोशी प्रदेशबाट जारी स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा अस्थायी सेवा अवधी गणना सम्वन्धी व्यवस्था नभएको, तर सोही ऐनको दफा ९० मा कुनै कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलव, उपदान, निवृत्तभरण र अन्य सुविधा सम्वन्धी सेवाका शर्तहरुमा प्रतिकूल असर गर्ने गरी परिवर्तन गरिने छैन भन्ने व्यवस्था रहेको, साथै नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका २०८१ (नवौं संस्करण) को दफा ५१ मा अस्थायी कर्मचारीलाई समेत उपदान तथा सञ्चित विदाको रकम भुक्तानी दिने व्यवस्था रहेको हुँदा सोही आधारमा यस त्रियुगा नगरपालिकामा सुरुमा अस्थायी नियुक्ति भई अविच्छिन्न सेवारत रही मिति २०६३।११।०१ मा स्थायी नियुक्ति भएका देहायका कर्मचारीहरुलाई त्रियुगा

नगरपालिकाको तेह्रौं नगर परिषदवाट स्वीकृत त्रियुगा नगरपालिकाको विनियम २०६४ को विनियम ५८ को उपविनियम (१) खण्ड (ख) वमोजिम सेवा अवधि गणना गरी उपदान दिने।

देहाय

| क्र.स. | कर्मचारीको नाम/थर | पद/तह | कैफियत |
|---|---|---|---|
| १. | ई. श्री घनश्याम चौधरी | अधिकृत छैटौं | |

निर्णय नं. ८१२

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी पदमा कामकाज गर्दै आएका देहायवमोजिमका कर्मचारीहरु स्थानीय स्वायत्त शासन नियमावली २०५६ (तेस्रो संशोधन २०६३) को नियम २१३ (क) वमोजिम पदपूर्ती समितिको सिफारिस एवम् नगरपालिकाको विभिन्न मितिमा गरिएको निर्णयानुसार ऐ. नियमावलीको नियम २१६ (१) वमोजिम सहायकस्तर प्रथम तह, पियन पदमा स्थायी नियुक्ति गरिएका र यस नगरपालिकाको विभिन्न मितिको निर्णयानुसार स्तरवृद्धि गरी द्वितीयस्तर कायम गरिएको। कोशी प्रदेशको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा समेत श्रेणी विहीन कर्मचारीहरूको स्तरवृद्धि सम्वन्धमा स्पष्टता नदेखिएकोले हुनाले यस ऐनमा व्यवस्था नभएका विषयमा सो ऐनको दफा १५३ मा यस ऐन र यो ऐन अन्तर्गत वनेका नियममा लेखिएका कुराको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुने उल्लेख गरिएको हुनाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम नियुक्त भई अविच्छिन्न रुपमा सेवारत कर्मचारीहरुलाई साविकको नियम कानून अनुसार वृत्ति विकासको अवसर दिन पर्ने देखिएको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा २४घ२. को उपदफा (३) खण्ड (ग) मा पन्ध्र वर्ष वा सो भन्दा वढी तर वीस वर्ष भन्दा कम सेवा अवधि भएका श्रेणीविहिन कर्मचारीहरुलाई चतुर्थस्तरमा स्तरवृद्धि गर्ने व्यवस्था भए अनुसार तपसिलका कर्मचारीहरूको तपसिल बमोजिम हुने गरी स्तरवृद्धि गर्ने:-

तपसिल

| क्र.स. | नाम/थर | हालको स्तर | स्थायी नियुक्ति मिति | स्तरवृद्धि मिति | स्तरवृद्धि पछिको स्तर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पुजन थापा | द्वितीयस्तर | २०६३/११/०६ | २०७०/०७/१० | चतुर्थस्तर | हलुका सवारी चालक |
| २. | प्रेम व. मगर | द्वितीयस्तर | २०६३/११/०६ | २०७०/०७/१० | चतुर्थस्तर | कार्यालय सहयोगी |
| ३. | प्रकाश नेपाली | द्वितीयस्तर | २०६४/०५/०२ | २०६९/०७/१५ | चतुर्थस्तर | कार्यालय सहयोगी |
| ४. | नवराज रेग्मी | द्वितीयस्तर | २०६४/०५/०२ | २०६९/०७/१५ | चतुर्थस्तर | कार्यालय सहयोगी |

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२/०३/३१ गतेको बैठकको निर्णय प्रमाणित।

निर्णय नं. ८१३

त्रियुगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९ कार्यान्वयनका लागि तयार गरिएको पाँचवर्षे (आ.व. २०८२/०८३-२०८६/०८७) विस्तृत कार्ययोजनाबारे छलफल गरी सो कार्ययोजना स्वीकृत गर्ने।

निर्णय नं. ८१४

त्रियुगा नगरपालिकाको आ.व. २०८०/०८१ को लैङ्गिक बजेट परीक्षण (GESI Audit) प्रतिवेदन उपर छलफल गरी उक्त प्रतिवेदनमा उल्लेख भएका सुझावहरू कार्यान्वयन गर्ने।

निर्णय नं. ८१५

वालमैत्री स्थानीय शासन घोषणा कार्यविधि,२०७९ को दफा २० (क) अनुसूची १० सँग सम्वन्धित देहायका क्षेत्र, निकायहरूको वालमैत्री आचारसंहिता स्वीकृत गरी उक्त आचारसंहिता सम्वन्धित क्षेत्र, निकायहरूमा फ्लेक्समा तयार गरी उपलब्ध गराउने र उक्त आचारसंहिता पालना गर्ने, गराउने सम्वन्धमा सबै क्षेत्र, निकाय र नगरवासीलाई अनुरोध गर्ने निर्णय गरियो।

देहाय

क) नगरपालिकाको संस्थागत वालमैत्री आचारसंहिता
ख) राजनैतिक दल तथा गैर सरकारी संस्थाको वालमैत्री आचार संहिता
ग) निजीक्षेत्रको वालमैत्री आचारसंहिता
घ) विद्यालय व्यवस्थापन समितिले पालना गर्ने वालमैत्री आचारसंहिता
ङ) विद्यालयको वालमैत्री आचारसंहिता
च) टोल विकास संस्थाको वालमैत्री आचारसंहिता
छ) अभिभावकको वालमैत्री आचारसंहिता
ज) वालवालिकाले पालना गर्ने
झ) वालमैत्री आचारसंहिता

निर्णय नं. ८१६

त्रियुगा नगरपालिका अन्तर्गतका देहायका सडक-खण्डहरूको कालोपत्रे तथा मर्मत गर्न योजना प्रस्ताव सहित सडक वोर्ड, मीनभवन, काठमाडौंलाई अनुरोध गर्ने।

तपसिल

| क्र.स. | सडक खण्ड | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | रानीवास ड्हर | त्रियुगा नगरपालिका-१५ | |
| २. | कालोपत्रे हुन बाँकी सडक | त्रियुगा नगरपालिका-११ | |
| ३. | कालोपत्रे हुन बाँकी सडक | त्रियुगा नगरपालिका-१० | |

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२/०३/३१ गतेको बैठकको निर्णय प्रमाणित।

| | | | |
|---|---|---|---|
| ४. | मगर संग्रहालय जाने सडक | त्रियुगा नगरपालिका-४ | |
| ५. | पानी ट्याङ्की चोक्सेबाट बावरी वेलदोभान | त्रियुगा नगरपालिका-१०, १४, १५ र १६ | |

साथै, आ.व. २०८१/०८२ मा त्रियुगा नगरपालिका र सडक बोर्डको साझेदारीमा यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सडक खण्डहरूको कालोपत्रे तथा मर्मत योजना निरन्तरताको लागि म्याद थप गर्न सडक बोर्डलाई अनुरोध गर्ने।

निर्णय नं. ८१७

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाका अन्तर्गतका विषयगत शाखाहरुले आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन सम्वन्धी कार्ययोजना मिति २०८२/०४/२० गतेभित्र प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउन निर्देशन दिने।

निर्णय नं. ८१८

त्रियुगा नगरपालिका वडा नं.-७ अन्तर्गत रहेको भुमरसुवा स्वास्थ्य चौकी र त्रियुगा नगरपालिकाको वडा नं.-१ मा अवस्थित आधारभूत स्वास्थ्य चौकी, जोगिदहको भवन तथा कोठाहरू अपुग रहेको र विरामीको चाप दिन प्रतिदिन बढ्दो रहेको साथै बर्थिङ्ग सेन्टर समेत सञ्चालनमा रहेकोले थप नयाँ भवन निर्माणको साथै घेराबारा गर्ने योजनाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथबाट आवश्यक बजेट व्यवस्थापनको लागि अनुरोध गर्ने।

विविध १

त्रियुगा नगरपालिकाको नियमन क्षेत्र भित्र रहेको नागरिक वचत तथा ऋण सहकारी संस्था लि. को मिति:२०८२/०३/१९ मा यस कार्यालयमा दिएको लिखित निवेदन अनुसार त्रियुगा नगरपालिका वडा न.१४ श्री मा.वि. साउने मा कार्यरत मा.वि. राहत शिक्षक श्री अंगिस श्रेष्ठले सहकारी संस्थालाई बुझाउनु सहकारीको साँवा, व्याज रु २३४८०७।- बुझाउन पत्रचार गरेको, त्रियुगा नगरपालिकाको न्यायिक समितिले पत्राचार गर्दा समेत सम्पर्कमा नआएको हुँदा यस कार्यालयद्धारा भुक्तानी हुने तलव भत्ता रोक्का गरी पाउँ भनि दिएको निवेदन अनुसार त्रियुगा नगरपालिकाको सहकारी ऐन २०७५ को दफा ६२ को उपदफा (२) अनुसार निजको त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्धारा भुक्तानी हुने तलव भत्ता रोक्का गर्ने।

विविध २

त्रियुगा नगरपालिकाद्धारा आ.व. २०८१/०८२ मा सञ्चालन भएको सिप विकास तालिम अन्तर्गत आधारभूत सिलाई कटाई तालिम र ढाका बुनाई तथा खाडी कपडा बुनाई तालिमवाट उत्पादित तपसिल अनुसारको सामाग्रीहरु (कपडाहरु) घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम सञ्चालन कार्यविधि-२०८१ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिमा हस्तान्तरण गरी विपद् प्रभावित परिवारहरुमा निशुल्क वितरण गर्न सुरक्षित राखे निर्णय गरियो ।

Scanned with CamScanner

तपसिल

| सि.न. | उत्पादित सामाग्रीहरुको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | पेटे भोटो | ४५ | |
| २. | काने टोपी | ४५ | |
| ३. | साधा टोपी | ४५ | |
| ४. | साधरण समिज | ४५ | |
| ५. | वाहुले भोटो | ४५ | |
| ६. | वेवी सुरुवाल | ४५ | |
| ७. | ४ टुक्रे साया | ४५ | |
| ८. | ६ टुक्रे साया | ४५ | |
| ९. | साधरण व्लाउज | ४५ | |
| १०. | साधरण फ्रक | ४५ | |
| ११. | म्याक्सि | ४५ | |
| १२. | साधरण कुर्था | ४५ | |
| १३. | पञ्जावि सुरुवाल | ४५ | |
| १४. | अम्व्रेला डिजाईन | ४५ | |
| १५. | डिजाईन कुर्था | ४५ | |
| १६. | बच्चाको सर्ट | ४५ | |
| १७. | पाईजामा | ४५ | |
| | ढाका तथा खांडी कपडा | | |
| १. | टोपी | ८ | |
| २. | रुमाल | १२ | |
| ३. | मफलर | ५ | |
| ४. | सल | ६ | |
| ५. | पछ्यौरा | १ | |
| ६. | कुर्ता | १ | |
| ७. | चौवन्दि चोला | १ | |
| ८. | खांडी कपडा | २ | |

विविध ३

त्रियुगा नगरपालिका, नगर कार्यपालिका र अन्तर्गतका कार्यालय, निर्माणस्थल, भवन लगायतका स्थानहरूमा देहायका व्यक्तिहरूलाई दैनिक रू. ५०० उपलब्ध गराउने गरी ज्यालादारीमा काममा लगाउनेः-

| क्र.स. | नामथर | ठेगाना | जिम्मेवारी तोकिएको कार्यालय |
|---|---|---|---|
| १. | नारद कुमार मगर | त्रियुगा नगरपालिका-१४ | चौकीदार, नयाँ प्रशासनिक भवन |
| २. | प्रेमराज खत्री | त्रियुगा नगरपालिका-९ | चौकीदार, नयाँ प्रशासनिक भवन |
| ३. | रमेश राई | त्रियुगा नगरपालिका-१२ | साझा सेवा भवन (वृद्ध आश्रम भवन), त्रियुगा नगरपालिका वडा नं.-१२ |
| ४. | राज कुमार खड्का | त्रियुगा नगरपालिका-४ | चौकीदार, नयाँ प्रशासनिक भवन |
| ५. | हरि वहादुर कार्की | त्रियुगा नगरपालिका-२ | सुपरभाइजर, त्रियुगा नगरपालिका वा सो अन्तर्गत |

२०८१।३।३१

Scanned with CamScanner